वीर बहादुर गिरी
अध्यक्ष

# बारेकोट गाउँपालिका उपाध्यक्ष श्री नर बहादुर गिरीज्यूद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को

## बजेट बक्तव्य

**सम्मानित गाउँसभाका अध्यक्ष महोदय,**
**सभाका सम्पूर्ण सदस्य ज्युहरु।**

सर्वप्रथम राष्ट्रियता लोकतन्त्र, अग्रगामी परिवर्तका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक शसस्त्र संघर्ष तथा शान्तिपूर्ण जनआन्दोलन-१जनयुद्ध, जनआन्दोलन-२, मधेश आन्दोलन लगायत राजनीतिक व्यवस्था परिवर्तनको लागि त्याग बलिदान गर्नुहुने इतिहासका महान शहिदहरुलाई हार्दिक श्रद्धा सुमन व्यक्त गर्दै वेपत्ता तथा घाईते अपांग योद्धाहरुको सु-स्वास्थ्यको कामना सहित हार्दिक सम्मान व्यक्त गर्दछु।

**सम्मानित सभा अध्यक्ष महोदय,**

नेपालको राजनीतिक ईतिहासमा भएका परिवर्तनबाट प्राप्त उपलब्धिहरुको रक्षा एवं संस्थागत विकास गर्दै राज्यको पुनःसंरचना पहिचान र अधिकार सहितको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको स्थानीय तहको दोश्रो आवधिक निर्वाचन २०७९ को निर्वाचन अभियान प्रक्रिया पुरा गरी बारेकोट गाउँपालिकाले स्थानीय सरकार संचालन गरेको समयावधि १ वर्ष १ महिना ११ दिन पुरा गरिसकेका छौं। नेपालको संविधान २०७२ को धारा ५६ को उपधारा १ र २ मा उल्लेखित तीन तहका सरकारहरु संघ, प्रदेश र स्थानीय सरकारका काम, कर्तव्य र अधिकार पुरा गर्न हाम्रो काँधमा ऐतिहासिक कार्यभार पूरा गर्न बारेकोटी जनताले आवधिक निर्वाचनको माध्यमबाट अधिकार प्रत्यायोजन गरेको तथ्य हाम्रो सामु छ। नेपालको संविधान २०७२ को अनुसूची ९ मा उल्लेखित भएको साझा अधिकारहरुको सूची अनुसार (सहकार्य, सह-अस्तित्व र समन्वय) कायम राख्दै स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार आगामी आ.व. २०८०/०८१ बारेकोट गाउँ पालिकाको सातौं बजेट सभा अर्थात गाउँ सभाको १७ औं अधिबेशनमा बार्षिक नीति योजना तथा कार्यक्रम बजेट सार्वजनिक गर्न पाउँदा म निकै हर्षित एवं गौरवान्वित महशुस गरेको छु।

वीर बहादुर गिरी
अध्यक्ष

**सभा अध्यक्ष महोदय,**

स्थानीय तहको दोश्रो आवधिक निर्वाचन पछिको १ वर्ष पुरा गरेको समयावधि स्मरण गर्दै पालिकाले सम्मानित छैटौं गाउँ सभामा पेश गरेको नीति तथा कार्यक्रम, बजेटले केही नयाँपन अर्थात आयामहरु स्थापित गरेको छ। सीमित श्रोत र साधन भएपनि विकासका पूर्वाधारहरु स्वास्थ्य, शिक्षा, कृषि विकास निर्माणमा स्थानीय नागरिकहरुले ज्यालामजदुरी एवं रोजगार, स्वरोजगारको शुरुवात भएका छन्। सरकारी तथा गैरसरकारी संघ संस्थाका कार्यक्रमहरु केन्द्रिकृत गरी स्वास्थ्य शिक्षा तथा कृषिका क्षेत्रहरुमा उप-सूचकहरु सकारात्मक देखिनुले उपलब्धि नै ठान्नुपर्छ। जनताको प्रत्यक्ष घर दैलोको अर्थात चुलोको सरकार हुनुको नाता सम्बन्धले सरकार संचालनमा केही तिता, मीठा अनुभव अनुभूति सिकाईहरु जनताबाट लिने र जनतालाई नै दिने प्रक्रिया निरन्तर रहेको छ। यस गितिशिल यात्राको तथ्यहरुबाट बारेकोट पालिका सरकारको १ वर्ष १ महिना ११ दिनको कालखण्डमा २९ वटा भन्दा बढी स्थानीय ऐन, कानून, नियमावली र कार्यविधि निर्माण गरी कार्यान्वयनमा रहेका छन्। बारेकोटलाई विकास र सम्वृद्धिको यात्रामा दिशावोध गराउन प्रेरित एवं उर्जा प्रदान गर्नुहुने गाउँ सभाका सम्पूर्ण सदस्यहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रमुख/ प्रतिनिधि, पालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारी, शिक्षक बुद्धिजीवि, संचारकर्मीहरु, किसान, मजदुर तथा सम्पूर्ण घरदेश र प्रदेशमा रहनु हुने बारेकोटी जनता (आमा, बुवा, दाजुभाई, दिदीवहिनी) हरुको भूमिकालाई स्मरण गर्दै हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्न चाहन्छु।

**सभा अध्यक्ष महोदय एवं सभाका सदस्यज्युहरु,**

एकाईसौ शताव्दीको पूर्वाद्धमा विश्व जगतमा आएको विज्ञान प्रविधिमा भएको भौतिक विकास, संग संगै शक्तिशाली राष्ट्रहरुले विश्व अर्थतन्त्रमा एकमना बर्चश्व एवं व्यापार अर्थनीतिमा तिब्र प्रतिस्पर्धा भईरहेको छ। उद्योग, व्यवसाय, कलकारखाना एवं मानव जीवनको विरुद्धमा प्रयोग गरिने घातक आनविक हात हतियार निर्माणको प्रतिस्पर्धा पनि उत्तिकै मात्रामा दिनानुदिन बढिरहेको तथ्यहरु हाम्रो सामु छन्। यसले गर्दा विश्वको धनी मुलुकहरु धनी बन्दै गईरहेका छन् भने गरिव मुलुकहरु प्राकृतिक साधन स्रोतहरुले प्रर्याप्त भएपनि झन गरिव हुँदै गईरहेका छन्। उदाहरणको लागि सिरिया, रुवाण्डा, श्रीलंका लगायत बहुँसंख्यक मुलुकहरु विश्व अर्थतन्त्रमा प्रभाव पार्ने पछिल्लो समयमा देखा परेको आणविक हतियारको निर्माणको पौठेजोरी, युद्ध तथा मानव जगतमा देखा परेको महाभारी(कोभिड-१९) जलवायु परिवर्तनले ल्याएको वातावरणीय प्रतिकूलन, रुस, युक्रेन युद्ध लगायतका घटनाहरुले नेपालको राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक सूचक तथा उप-सूचकहरु हाम्रा सामु उभिएका छन्।

वीर बहादुर गिरी
अध्यक्ष

**सभा अध्यक्ष एवं सभा सदस्यज्युहरु,**

नेपालको राष्ट्रिय अर्थतन्त्र स्वभाविक रुपले सुस्त गतिमा छ । अर्थतन्त्र गतिशिल एवं चलायमान हनु सकेको छैन । आन्तरिक राजस्व, रेमिट्यान्स प्रक्षेपण, बैदेशिक व्यापार, स्वदेशी उत्पादनको क्षेत्रमा नीजि लगानी, सार्वजनिक तथा सहकारी क्षेत्रमा उत्साहजनक सूचक लगानी नभई कतिपय क्षेत्रहरुमा दलाल तथा बिचौलिया एवं माफियाहरुको प्रवेशको संकेत उप-सूचांक देखिदा निराशामा बदल्ने संकेत गर्दछ । यद्यपि राष्ट्रिय अर्थतन्त्रमा केहि सकारात्मक प्रभावका संकेत नभएका होईनन । आ.व. २०७९।०८० को बार्षिक बजेट तथा योजना कार्यक्रममा ४६ करोड ४१ लाख ९२ हजारको (अक्षरुपी छयालीस करोड एक्चालीस लाख बयानव्वे हजार) मात्र छैटौं गाउँसभाले स्वीकृत गरेको तथ्य हाम्रो अगाडी छ । जहाँ हामी कार्यान्वयको वर्षको अन्तिम महिना अषाढ तेश्रो साता पर्खिरहेका छौं । चालु आ.व. २०७९।०८० को स्वीकृत बजेट कार्यक्रममा मुलुकको राष्ट्रिय अर्थन्त्रमा आएको गिरावटले वित्तीय समानीकरण अनुदान राजस्व बाँडफाँडमा करिव १ करोड १४ लाख रकम कम हुने प्रक्षेपणको संकेत भएपछि भुक्तानी प्रकृयामा चुनौतिको रुपमा देखा परेको छ ।

**सभा अध्यक्ष एवं सभा सदस्यज्युहरु,**

हाम्रो ग्रामीण तथा राष्ट्रिय अर्थतन्त्रमा आउने परिवर्तन संग संगै संघ, प्रदेशको वित्तीय समानीकरण, आन्तरिक राजस्व बाँडफाँड तथा परिचालन र सीमित श्रोत र साधनको सीमाभित्र रही हाम्रो पालिकाको बार्षिक बजेट कार्यक्रम निर्माण भएको ब्यहोरा पेश गर्न चाहन्छु । विगतको अनुभवले सावित गरिसकेको छ कि हाम्रो सामाजिक टुक्रे उत्पादन सम्बन्ध, उत्पादकत्व बीच योजना निर्माणको अन्तरबिरोधले घोषित लक्ष्य, उद्देश्यहरु हासिल हुन नसक्नुका कारणहरु थिए भन्ने कुरा हाम्रो बजेटको सोध, खोज र अनुसन्धानले देखाउदछ । सामाजिक टुक्रे उत्पादन सम्बन्ध, जीवन निर्वाहमुखी व्यावसाय, वितरणमुखी अर्थ प्रणाली तथा बजेटले जनताको जीवनस्तरमा अपेक्षाकृत परिवर्तन हन सकेको छैन । बजेट कार्यक्रमको आधारभूत क्षेत्रहरु स्वास्थ्य, शिक्षा, कृषि, साना घरेलु उद्योग तथा उत्पादनशिल पर्यटन व्यावसाय सहितको श्रमसंगै रोजगारीको सम्भावनालाई पहिलो प्राथमिकता दिईएको छ । बजेट कार्यक्रमको लक्ष्य भौतिक पूर्वाधार विकासलाई मात्र जोड नदिई सामाजिक विकास संगै नागरिकको जीवनस्तरमा परिवर्तन गर्ने उद्देश्यका साथ श्रोत अनुमान तथा बजेट निर्धारण समितिको प्राप्त बजेट सीमाका आधारमा सम्मानित गाउँसभामा आगामी आ.व. २०८०।०८१ को बार्षिक बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

वीर बहादुर गिरी
अध्यक्ष

**सभा अध्यक्ष एवं सभा सदस्यज्युहरु,**

अव,आगामी आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रमको आधारमा बजेट तथा कार्यक्रमहरुलाई प्राथमिकता निर्धारण गरेको छु।

१. गरिवी अन्त्य र पिछडिएको क्षेत्र र वर्ग समुदायहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणमा जोड दिदैं सामाजिक सुरक्षा कार्यक्रमको निरन्तरता सहित आ.व. २०७९।०८० देखि लागु भएको एकल पुरुषको लागि बिदुर भत्ताको निरन्तरता उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

२. गाउँपालिकाको केन्द्रलाई केन्द्रविन्दु मानि हाल संचालनमा रहेको ग्रामीण सडकखण्डहरुलाई संघ, प्रदेश र स्थानीय सरकारको लागत सहभागितामा स्तरउन्नोति गर्न श्रोत अनुमान तथा अनुदानको आधारमा समपूरक बजेट विनियोजन गरिएको छ।

३. भौतिक पूर्वाधारतर्फ प्रत्येक वडा वस्तीहरुमा सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई निरन्तरता दिदै हालसम्म ग्रामीण सडकको पहुँच नपुगेको बस्ति वडा नं ३ मुल्साम सडक खण्ड, वडा नं ६ धुमा सडक खण्ड र वडा नं २ सेरी सडक खण्डलाई श्रोत अनुमान तथा अनुदानको आधारमा प्राथमिकिकरण गरी रकम विनियोजन गरेको छु।

४. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न एवं सुधारको नयाँ प्रतिवद्धता सहित स्थानीय पाठ्यक्रम निर्माण गर्न एवं शिक्षण सिकाई अनुदानलाई निरन्तरता दिन आ.व २०७९/०८० को बजेट श्रोत अनुमानलाई आधार मानी रकम विनियोजन गरेको छु।

५. बारेकोटको शैक्षिक गुणस्तर दिनानुदिन अपेक्षाकृत परिणाम हासिल हुन नसकेको तथ्यलाई स्वीकार गर्दै सुधारको लागि नियमित अनुगमन र मूल्यांकनको आधारमा विद्यालयहरुको शैक्षिक तथा भौतिक प्रगतिको स्थलगत अध्ययन, अनुगमन गरी विद्यालयको तहगत अवस्था घटाउने/ बढाउने वा समायोजन(मर्ज) गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु।

६. WFP, Mersycop (विश्व खाद्य कार्यक्रम र मर्सिकप आर्थिक सहयोगमा) संघीय सरकारको शर्सत अनुदान अन्तर्गत दिवा खाजा कार्यक्रमलाई मेनु अनुसार ४५ सामुदायिक विद्यालय र ९ समुदायमा आधारित बालबिकास केन्द्रहरुलाई कार्यान्वयन गर्न अनुदानको आधारमा आवश्यक रकम विनियोजन गरेको छु।

७. बारेकोट गाउँपालिका अन्तर्गतका आधारभूत तह (१-५) तथा मा.बि. विद्यालयहरुमा आधुनिक सूचना प्रणाली प्रविधिमैत्री(Digitalization) शिक्षण सिकाई विद्यालयका रुपमा क्रमशः विकास गरी संचालन गर्न श्रोत अनुमानको आधारमा रकम विनियोजन गरेको छु।

वीर बहादुर गिरी
अध्यक्ष

८. बारेकोट गाउँपालिकाको प्राविधिक पाठ्यक्रम सहित अध्ययन, अध्यापन शुरु गरिएको श्री वीरेन्द्र ऐश्वर्य मा.वि. लिम्सा र उच्च शिक्षा हासिल गर्न स्नातक तह संचालन गर्न संघ प्रदेश सरकार संग समन्वय गरी प्राविधिक समस्या समानधान गर्न आवश्यक रकम विनियोजन गरेको छु।

९. स्वास्थ्य क्षेत्रका सूचकहरुलाई सकारात्मक दिशा उन्मुख गराउन आमा सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिदै पालिका स्तरको १५ शैयाको अस्पताललाई संघ, प्रदेश सरकार संग समन्वय गरी उपकरण खरिद तथा जनशक्ति (चिकित्सक) को व्यवस्था अबिलम्व गराउनुका साथै सामुदायिक स्वास्थ्य ईकाई केन्द्रहरु थप वा भएका सामुदायिक स्वास्थ्य ईकाई केन्द्रहरुलाई गतिशिल बनाउन नियमित रकम व्यवस्था गरेको छु ।

१०. मातृ शिशु स्वास्थ्यमा विशेष ध्यान दिदै सरकारी तथा गैर सरकारी संस्थाहरु संग सहकार्य र सह लगानीमा जोड दिदै उपाध्यक्ष संग संस्थागत सुत्केरी एवं पोषणमैत्री कार्यक्रमलाई प्राथमिकता दिन श्रोत अनुदान/ अनुमानको आधारमा रकम विनियोजन गरेको छु ।

११. बारेकोट सामुदायिक स्वास्थ्य जीवन र आर्थिक विपन्नता र भौगोलिक विकटतालाई मध्यनजर गरी गाउँपालिकमा नेपाल भारतको मैत्रीपूर्ण सहयोगमा उपलब्ध भएको एम्बुलेन्सको उपयोग र संचालन कार्यविधिमा उल्लेखित शर्तहरु ध्यान राख्दै एम्बुलेन्सको प्रयोग, सेवा प्रवाह र आमदानीको श्रोत व्यवस्थापन एवं विपन्न नागरिकहरुको स्वास्थ्य अवस्था सुरक्षित राख्न विपन्न आकस्मिक स्वास्थ्य उपचार कोषमा रकम विनियोजन गरेको छु ।

१२. बारेकोट गाँउपालिकाबाट चिकित्साशास्त्र, ईन्जिनियिङ र कानुन संकाय तर्फ Diploma 3 Years Bachelor Level का विपन्न तथा जेहेन्दार विद्यार्थीहरुको लागि सामाजिक समावेशिकरणको आधारमा पटके सहायता रकम र पूर्ण छात्रवृत्तिका लागि संघ र प्रदेश सरकारहरु संग सहकार्य गर्न श्रोत अनुमान तथ अनुदानमा आधारित रकम विनियोजन गरेको छु ।

१३. कृषि तथा पशुपालनको क्षेत्रमा वस्तु उत्पादन तथा व्यावसायीकरण गर्दै कृषकमैत्री बनाउन नीजि ताथ समूह सहकारीको सहभागितामा अनुदान प्रणाली अवलम्बन गर्ने गरी संघ, प्रदेश र स्थानीय सरकारको श्रोत अनुमान तथा अनुदानको आधारमा रकम विनियोजन गरेको छु ।

१४. मानव स्वास्थ्य र पशुस्वास्थ्य सुधारका लागि अलग मानव, र अलग पशु घर कार्यक्रमलाई निरन्तरता दिन श्रोत अनुमानको आधारमा रकम विनियोजन गरेको छु ।

१५. भू-उपयोग नीतिको कार्य योजना बनाई भूमि आयोगको निर्धारित ऐन, नियमावली अनुसार जग्गा वर्गिकरण श्रोत अनुमानको आधारमा रकम विनियोजन गरेको छु ।

१६. कृषितर्फ एक वडा एक प्राविधिक, एक उत्पादन कार्यक्रम र पशुपंक्षी तर्फ एक वडा एक पशु सेवा ईकाई कर्यक्रमलाई निरन्तरताको लागि नियमित बजेट विनियोजन गरेको छु ।



बीर बहादुर गिरी
अध्यक्ष

१७. पर्यटन गुरु योजना निर्माण तथा प्रवर्द्धनको लागि परामर्श सेवाको लागि आवश्यक रकम विनियोजन गरेको छु।

१८. गाउँपालिकाको कार्यक्षेत्र भित्रपर्ने सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्न एव नलगाड हाईड्रो पावर कम्पनीबाट मुआब्जा भुक्तानी लिएका बाँझो बनाईएका खेतबारी जमिनहरुलाई कृषि उत्पादनमा उपयोग गर्न संघ, प्रदेश र स्थानीय तहको समन्वयमा समूह तथा सहकारीहरुलाई (Matching found) समपूरक कोषको लागि रकम बिनियोजन गरेको छु।

१९. मानव सूचाङ्क र पशुपंक्षीहरुको एकिन तथ्याङ्क संकलन(Data Collection) गर्न आवश्यक रकम विनियोजन गरेको छु।

२०. बालमैत्री स्थानीय तह घोषणाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

२१. अन्तरजातिय मागी बिवाह (दलित र गैर दलित) बीच गर्ने जोडिलाई प्रोत्साहन स्वरुप सम्मान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

२२. पोषणमैत्री स्थानीय तह घोषणाका लागि हाल वडा नं १ बाट शुरु गरिएको छ। उक्त कार्यक्रमलाई क्रमिक रुपमा सबै वडाहरुमा संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

२३. महिलाहरुको क्षमता विकास तथा शसक्तिकरणका लागि उदघोण(बोल्ने अभ्यासको विकास)का लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गरेको छु।

२४. बाल अधिकारको सुनिश्चितताका लागि पालिकाभित्र रहेका आधारभूत र माध्यमिक विद्यालयहरुमा बाल क्लबहरु गठन तथा पुनःगठन गरी वडा स्तर र पालिका स्तरीय बाल संजाल गठनका लागि आवश्यक बजेटको तथा कार्यक्रमको व्यवस्था गरेको छु।

अब,

आगामी आ.व. २०८०।०८१ को लागि घोषित नीति तथा कार्यक्रमका आधारमा प्रस्तावित बजेट, योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि श्रोत अनुमान तथा बजेट निर्धारण समितिको निर्देशन अनुसार अनुमानित आयतर्फका श्रोतहरुका शिर्षकहरुलाई सम्मानित गाउँ सभाको १७ औं अधिवेशन समक्ष पेश गर्न अनुमित चाहन्छु। प्राप्त बजेटका श्रोतहरु तल उल्लेख गरेको छु।

अनुमानित आयतर्फ

| **क्र.स.** | **शिर्षक** | **रकम रु** |
|---|---|---|
| १ | पालिकाको आन्तरिक राजस्वतर्फ | २२ लाख |
| २ | वित्तीय समानीकरण संघ | ७ करोड ९१ लाख |

| | | |
|---|---|---|
| ३ | राजस्व बाँडफाँड संघ | १० करोड २७ लाख ५५ हजार |
| ४ | समपूरक अनुदान संघ | १ करोड ८५ लाख |
| ५ | विशेष अनुदान संघ | ५० लाख |
| ६ | शर्सत अनुदान संघ | २० करोड ९४ लाख |
| ७ | राजस्व बाँडफाँड प्रदेश | ८२ लाख ८ हजार |
| ८ | सवारी साधनबाट प्राप्त राजस्व बाँडफाँड | ४ लाख ७५ हजार ९ सय ७ रुपैंया |
| ९ | प्रधानमन्त्री रोजगार कार्यक्रम | |
| १० | मुख्यमन्त्री रोजगार कार्यक्रम | |
| ११ | स्थानीय पूर्वाधार विकास कार्यक्रम (LISP) | २ करोड ५० लाख |
| १२ | NGO तथा INGO | |
| | **जम्मा रकम रु** | **४५ करोड ६ लाख ३८ हजार ९ सय ७ रुपैंया** |

कुलयोग रु **४५ करोड ६ लाख ३८ हजार ९ सय ७ रुपैंया** बजेट सिलिङ्ग प्राप्त भएको व्यहोरा अनुरोध छ।

माथि उल्लेखित प्राप्त श्रोत अनुमान, अनुदानलाई आधारमानी अनुमानित व्ययका शिर्षक/उपशिर्षकहरुमा बजेट खर्च हुने अनुमान गरेको छु।

१. कुल पूजीगत खर्च रु **३७ करोड ८६ लाख ३८ हजार ९ सय ७ रुपैंया**।
२. चालु कोष तर्फको खर्च रु **७ करोड २० लाख**।

आ.व. २०८०।०८१ को बित्तीय समानीकरण तथा राजस्व वाँडफाँड तर्फ

बिषयगत क्षेत्र/उपक्षेत्र पूंजीगत कार्यक्रम खर्च

१.आर्थिक विकासः **१ करोड ५० लाख**

वीर बहादुर गिरी
अध्यक्ष

क. कृषि तर्फ रु ३८ लाख

ख. पशुपंक्षी तर्फ रु ६० लाख

ग. पर्यटन तथा संस्कृति तर्फ रु ९ नौ लाख

घ. भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा तर्फ रु १० लाख

ङ. श्रम, रोजगार तथा गरिवी निवारण ( लघु उद्यम अल्लो, निगालो, बाँस, नेपाली कागज, छालाजन्य, उनजन्य, पार्लर, होजेरी, सिलाइकटाई तथा बुनाइ आदी) तर्फ रु ३३ लाख

२.सामाजिक विकासः **७ करोड २६ लाख ५० हजार**

क. स्वास्थ्य तथा पोषण रु २ करोड २० लाख

ख. शिक्षा, भाषा, कला तथा साहित्य रु ४ करोड ४१ लाख

ग. खानेपानी तथा सरसफाई रु १७ लाख

घ. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण रु १९ लाख ५० हजार

ङ. युवा खेलकुद तथा नवप्रवर्तन रु १९ लाख

च. सामाजिक सुरक्षा तथा पंञ्जीकरण रु १८ लाख

छ. उपक्षेत्रः स्वास्थ्य तर्फ बारेकोट गाउँपालिका अन्तर्गत आयुर्बेदिक औषधालय (नागरिक आरोग्य केन्द्र) संचालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था स्वास्थ्य शाखाको समन्वयमा कार्यन्वयन हुने व्यवस्था गरेको छु।

ज. महिला तथा बालवालिकाहरुको अपङ्गता परिचय पत्र वितरणका साथै अपाङ्गता तथा अभिभावक नभएका बालबालिकाहरुलाई शिक्षा क्षेत्रमा न्यूनतम बजेट तथा कार्यक्रम प्रस्ताव गरेको छु।

**३.पूर्वाधार विकासः१ करोड ७१ लाख**

क. भवन, आवास तथा वस्ति विकास रु १८ लाख

ख. सडक, पुल तथा यातायात रु १ करोड ५१ लाख

ग. जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा रु २ लाख

ङ. प्रधामनमन्त्री रोजगार कार्यक्रम तर्फ रु ९० लाख

वीर बहादुर गिरी
अध्यक्ष

च. मुख्यमन्त्री स्वरोजगार कार्यक्रम तर्फ

छ. उपक्षेत्रः यातायत तर्फ गाउँपालिका अन्तर्गत लामो समय सम्म प्रयोगमा आइरहेका हलुका सवारी साधनहरु हाल आएर प्रयोग विहिन अवस्थामा रहेको र मर्मत गर्दा निकै खर्चिलो भइराखेकोले उक्त खर्च नियन्त्रण गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३ आर्थिक प्रशासन नियमावली २०६४ को नियमानुसार प्रक्रिया अगाडी बढाउनुका साथै उप्रान्त सरकारी कामकामको निम्ती प्रयोग हुने गरी हलुका सवारी साधन नयाँ (मोटरसाइकल) खरिद गर्न आवश्यक बजेट कार्यक्रमको व्यवस्था गरेको छु।

४. बन तथा वातावरणः **३२ लाख**

क. बन तथा भू-संरक्षण तथा जैविक विविधता रु ४ लाख ५० हजार

ख. वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन रु ५ लाख ५० हजार

ग. विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन रु २२ लाख समपुरक

**५. सुशासन तथा संस्थागत विकासः १ करोड २७ लाख ८८ हजार**

क. नीति, कानुन, न्याय तथा सुशासन सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह रु ७ लाख ८८ हजार

ख. न्यायिक समिति व्यवस्थापन रु १० लाख

ग. विपद तथा आकस्मिक स्वास्थ्य सेवा रु १० लाख

घ.स्थानीय पूर्वाधार सहयोग कार्यक्रम समपुरक रु ६० लाख

ङ.बहुक्षेत्रीय पोषण कार्यक्रम रु १० लाख

च. UNDP समपुरक रु १० लाख

छ. समपुरक रु २० लाख ८८ हजार

ज. पालिकामा सर्वजनिक लेखा समिति गठन गरी वित्तिय अनुसासन र प्रार्दशितालाई कायम राख्नको लागि सार्वजनिक खरिद ऐन नियमानवली कार्यन्वयन गर्न जनप्रतिनिधिहरुलाई क्षमता अभिबृद्धि गर्न कार्यक्रमको व्यवस्था गरेको छु।

वीर बहादुर गिरी
अध्यक्ष

ञ. सार्वजनिक निर्माणका सम्बन्धमा खरिद ऐन नियमावली अनुसार योजना कार्यन्वयनको सम्बन्धमा बोल पत्र तथा उपभोक्ता समितिबाट निर्माण कार्य संचालन कार्यविधि बनाई कार्यन्वयनको गर्न आवश्यक प्रक्रिया थालनीको लागि कार्यक्रमको व्यवस्था गरेको छ।

सभा अध्यक्ष एवं सभासदस्य ज्युहरु,

अब, म आ.व. २०८०।०८१ को अनुमानित चा.लु. खर्च तर्फ प्रक्षेपण गरिएको विनियोजित रकम पेश गर्ने अनुमति चाहन्छु।

१.चालुतर्फः **७ करोड २० लाख**

क. कर्मचारी र पदाधिकारी पारिश्रमिक तथा भत्ता तलब भत्ता, पोषाक भत्ताका सुविधा

ख. वडा समिति तथा कार्यालय संचालन व्यवस्थापन, सवारी साधन खर्च

ग. विविध तथा अन्य शर्च शिर्षक

अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु अन्तर्गत स्थानीय पूर्वाधार विकास कार्यक्रम, जलस्रोत व्यवस्थापन कार्यक्रम, जलबायु परिवर्तन तथा अनुकूलन कार्यक्रम लगायत अन्य गैर सरकारी संघ संस्था तर्फ निर्धारित कार्यक्रमका आधारमा खर्च गर्ने व्यवस्था मिलाएको छ।

**सभा अध्यक्ष तथा सदस्यज्युहरु,**

माथि उल्लेखित बिनियोजित बजेट श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्राप्त निर्देशन अनुसार बजेटको क्षेत्र/उपक्षेत्रगत शिर्षकहरु सम्मानित गाउँसभामा पेश गरेको छ। क्षेत्र तथा उपक्षेत्रगत शिर्षका उल्लेखित बजेट कार्यक्रमले टोल/बस्ती तथा सम्बन्धित वडा समितिको सिफारिस भई आएका योजनाहरुको सूचीलाई विषयगत समितिहरुमा छलफल गरी एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भई प्राथमिकता निर्धारण गरी कार्यान्वयनको लागि लागत डिजाईन ईस्टिमेट डी.पि.आर प्रतिवेदनका आधारहरु तयार पार्न सबैको रचनात्मक सल्लाह सहित कार्यपालिकाको पूर्ण बैठकबाट अनुमोदन भएको र सम्मानित गाउँसभाको १७ औ अधिवेशनबाट अनुमोदन गराई नेपालको संघीयताको तीन आयाम राजनीतिक संघीयता, वित्तीय संघीयता, प्रशासनिक संघीयताको मूल मर्मको जगमा आवश्यक नीति, कार्यविधि, ऐन तथा नियमावली निर्माण गरी इमानका साथ कार्यान्वयन गर्ने सम्मानित गाँउ सभामा प्रतिवद्धता व्यक्त गर्दछु।

वीर बहादुर गिरी
अध्यक्ष

अन्तमा,

वीर बहादुर गिरी
अध्यक्ष

प्रस्तावित बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा ओझिलो तथा पालिका अनुकूलन अनुमान अनुदानलाई उपयुक्त विधि र परिणाममुखी बनाउने उद्देश्यका साथ सल्लाह, सुझाव दिनुहुन नेपाल सरकार क्रियाशिल राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्युहरु, पूर्व जनप्रतिनिधिज्युहरु, ज्ञान अनुभवी बौद्धिक वर्ग, विषयगत समितिका संयोजक तथा सदस्यज्युहरु, कार्यपालिकामा विद्यमान स्थानीय सरकार संचालन ऐन नियमहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने सन्दर्भ सामाग्रीहरुको अध्ययनमा ध्यान लगाउन प्रेरित गर्ने विषयगत क्षेत्रका शाखा प्रमुख एवं प्रतिनिधि कर्मचारीहरु, गैरसरकारी संस्थाका प्रमुख/प्रतिनिध, समग्रमा बारेकोटको विकास र सम्वृद्धिको उच्च नारालाई कार्यान्वयन गर्न गराउन उर्जा एवं अमूल्य सुझाव सहित जनमत अभिव्यक्त गर्ने घरदेश र प्रदेशमा रहनु भएका सम्पूर्ण बारेकोटी जनता(आमा बुवा दाजुभाई दिदीबहिनीहरु) प्रति उच्च आदर एवं सम्मान व्यक्त गर्दछु । बजेटमा उल्लेखित प्रस्तावहरुलाई सम्मानित सभाको १७ औ अधिवेशनबाट आगामी आ.व. २०८०।०८१ को बार्षिक बजेटमाथि दफाबार छलफल सहित अनुमोदन हुने अपेक्षा सहित अपनत्व ग्रहण गर्न सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध सहित आभार एवं धन्यबाद व्यक्त गर्न चाहन्छु । सम्मानीत सभा अध्यक्ष महोदय सभाका सदस्यज्युहरु हाम्रो अगाडि जनअपेक्षा र जिम्मेवारीहरुको भारी ठुलो छ । चुनौतीहरुको पर्खालहरु ठुला ठुला छन् । अवसरमा बदल्ने संकल्प गरौ भविष्य सुन्दर छ ।

**धन्यबाद ।**

०३/१०

नर बहादुर गिरी
उपाध्यक्ष
बारेकोट गाउँपालिका लिम्सा, जाजरकोट
२०८० असार १० गते आईतबार

वीर बहादुर गिरी
अध्यक्ष

नर बहादुर गिरी
उपाध्यक्ष